

राजनीतिमा देखिएको निराशाको kl/0ffd !

ओमप्रकाश गौतम
omgautam2078@gmail.com

पृष्ठ २



सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९




जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY




purbasandesh.com





दसैं, तिहार,छठको बहार !
आमा डेन्टलको अफरै अफर !!
दशैं, तिहार र छठ पर्व
अवधिभर उपलब्ध हुने दन्त सेवाहरू:-

- नि:शुल्क ओपिडी /
- डेन्टल डिजिटल एक्स-रेमा ५0% छुट /
- सबै किसिमका दन्त उपचार सेवामा १५% देखि ३0% सम्म छुट /

AAMA Dental
We Care For Your Smile

**आमा डेन्टल केयर प्रा.लि.**
दमक ६ ,थानसरोड (प्रधान कार्यालय)
दमक १,रवि स्टेण्ड गेट (शाखा कार्यालय)
Call: 023-572643|9814912500



❑ वर्ष-२० ❑ अंक - २४३ ❑ २०८२ असोज ०१ गते बुधबार ❑ Wednesday, 17 Sept. 2025 ❑ मूल्य ७ /-


# जेनजी आन्दोलन: कोशीमा डेढ अर्बको सम्पत्ति नष्ट

पूर्वसन्देश समाचार

**विराटनगर/** जेनजी आन्दोलनका नाममा भएको तोडफोड र आगजनीले क्षति भएका सार्वजनिक सम्पत्तिको प्रारम्भिक विवरण आउन थालेको छ । कोशी प्रदेश सरकारले आˆनो मातहतका कार्यालय भवन, सवारीसाधन, कम्प्युटर, फर्निचर लगायत सामान जलेर नष्ट हुँदा करिब डेढ अर्ब रूपैयाँ बराबरको क्षति भएको हुनसक्ने प्रारम्भिक अनुमान गरेको छ । यद्यपि यसको यकिन विवरण अझै सार्वजनिक भएको छैन ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता तथा सचिव एकदेव अधिकारीले दिएको प्रारम्भिक तथ्यांक अनुसार प्रदेश अन्तर्गतका १८ वटा भवन पूर्णरूपमा नष्ट भएका छन् भने २४ वटामा आंशिक क्षति पुगेको छ । यस्तै चारपाङ्ग्रे सवारीसाधन ६४ वटा जलाइएको छ भने १२ वटा क्षतिग्रस्त बनेका छन् । दुईपाङ्ग्रे सवारीसाधन १४४ वटा जलाइँदा १७ वटा क्षतिग्रस्त बनाइएको तथ्यांकमा उल्लेख छ ।

जसमा मुख्यमन्त्री कार्यालयको चारवटा भवन, १९ वटा सवारीसाधन, पर्यटन वन तथा वातावरण मन्त्रालयको ५ वटा भवन र २९ वटा सवारीसाधन, प्रदेश लगानी प्राधिकरणको १ वटा सवारीसाधन, खानेपानी सिंचाई तथा ऊर्जा मन्त्रालयको १४ वटा सवारीसाधन, उद्योग कृषि तथा सहकारी मन्त्रालयको ३८ वटा सवारीसाधन क्षति भएका छन् ।

यस्तै प्रदेशसभा सचिवालयको ४ वटा भवन र २१ वटा सवारीसाधन, प्रदेश योजना आयोगको ५ वटा सवारीसाधन, आर्थिक मामिला तथा योजना मन्त्रालयको १ वटा भवन र ११ वटा सवारी साधन, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको २ वटा भवन र २८ वटा सवारी साधन, सामाजिक विकास मन्त्रालयको २ वटा भवन र २ वटा सवारीसाधन, भौतिक पूर्वाधार विकास मन्त्रालयको ३१ वटा सवारीसाधन र स्वास्थ्य मन्त्रालयको १० वटा सवारी साधन पूर्णरूपमा नष्ट भएको छ ।

प्रवक्ता अधिकारीले सम्पत्तिको मूल्यांकन हुन भने बाँकी छ । कानुनअनुसार क्षतिको मूल्यांकन गरेपछि कति मूल्य बराबरको सम्पत्ति नष्ट भयो भन्ने विषयमा जानकारी हुने उनले बताए । यद्यपि मुख्यमन्त्री कार्यालय स्रोतले झण्डै डेढ अर्ब बराबरको सम्पत्ति नष्ट भएको हुनसक्ने अनुमान रहेको एक कर्मचारीले बताए ।

### प्रदेश प्रहरीका ५७ वटा भवनमा क्षति

यसैबिच, आन्दोलनका क्रममा सुरक्षामा खटिएको प्रहरीले नै ठूलो क्षति व्यहोर्नुपरेको छ । कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दीपक पोखरेलका अनुसार प्रदर्शनकारीहरूले ५७ वटा प्रहरी भवन र ८४ वटा सवारीसाधनमा तोडफोड र आगजनी गरेका छन् । एक सयभन्दा बढी प्रहरी घाइते भएका छन् ।

एसएसपी पोखरेलका अनुसार क्षति भएका ५७ वटा प्रहरी भवनमध्ये २४ वटा भवन पूर्णरूपमा क्षति भई काम गर्न नसक्ने अवस्थामा पुगेका छन् । ३३ वटा भवनमा आंशिक क्षति पुगेको छ । यी भवनहरूमा तोडफोड, आगजनी वा दुवै तरिकाले क्षति पुर्‍याइएको पोखरेलले बताए । इटहरीको प्रदेश ट्राफिक प्रहरी कार्यालय पूर्णरूपमा क्षति भएको छ भने जिल्ला प्रहरी कार्यालय उदयपुरमा आंशिक क्षति पुगेको छ ।

यसैगरी, प्रदर्शनका क्रममा प्रहरीका ८४ वटा सवारीसाधनमा क्षति पुगेको छ । जसमध्ये ७९ वटा सवारीसाधन पूर्णरूपमा जलेर नष्ट भएका छन् । ५ वटामा आंशिक क्षति छ । क्षति भएका सवारी साधनमा ७ वटा हेभी गाडी, १९ वटा साना गाडी, ४७ वटा मोटरसाइकल, ४ वटा साइकल र २ वटा तीनपाङ्ग्रे छन् ।

पोखरेलले प्रहरी कार्यालयको कम्पाउन्डभित्र रहेका प्रहरी कर्मचारीका व्यक्तिगत सवारीसाधन तथा कारबाहीका लागि राखिएका अन्य सवारी साधनमा पनि क्षति पुगेको र त्यसको विवरण संकलन भइरहेको बताए ।

आन्दोलनका क्रममा झडप हुँदा ठूलो संख्यामा सुरक्षाकर्मी र प्रदर्शनकारी

बाँकी ४ पेजमा ▸▸

# झापामा इन्सेफ्लाइटिसको प्रकोप बढ्यो

**दमक/** देशभरका १६ जना इन्सेफ्लाइटिस संक्रमित मध्ये झापामा ७ रहेका छन् ।

एकजनाको मृत्यु भएको झापा जिल्लामा जापानिज इन्सेˆलाइटिस (जेई) बाट संक्रमित हुनेहरूको संख्या ७ पुगेको हो । पछिल्लो पटक बिर्तामोड ५ कृषिथोक बस्ने २९ वर्षीय पुरूषमा जेईको संक्रमण देखिएको छ । उनलाई भदौ ३० गते विरामी देखिएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

यस वर्षको शुरूवातमा मेचीनगरका दुई महिलालाई संक्रमण पुष्टि भएको थियो । मेचीनगर वडा नं ३ दोकानडाँडाकी ३६ वर्षीया महिलालाई गत असार १८ गते र मेचीनगर वडा नं ५ हात्तीमुढेकी ५५ वर्षीया अर्की महिलालाई असार ३० गते संक्रमण देखिएको हो । त्यसपछि साउन ६ गते भद्रपुर वडा नं ९ पुहाँतुवारीका ७७ वर्षीय वृद्ध संक्रमित भएका थिए । त्यसपछि साउन २९ गते गौरीगञ्ज १ देवीगडाकी ७ वर्षीया बालिका विरामी परेकी थिइन् । गत भदौ १ गते विराट मेडिकल कलेज विराटनगरमा भर्ना गरिएकी ती बालिकाको भदौ ४ गते मृत्यु भएको थियो ।

गत भदौ २ गते बिर्तामोड वडा नं २ चारपानेकी १३ वर्षीया बालिका संक्रमित भएकी थिइन् । उनको उपचार भइरहेको छ । त्यस्तै भदौ ५ गते बुद्धशान्ति गाउँपालिका वडा नं २ इन्द्रेणी चोकका ८६ वर्षीय बृद्ध र भदौ ८ गते अर्जुनधारा नगरपालिका वडा नं १ खुदुनावारीका ६६ वर्षीय अर्का वृद्धमा संक्रमण देखिएको छ । दुवैको अबस्था सामान्य रहेको जनाइएको छ ।

अहिलेसम्म चार महिला र चार पुरूषमा संक्रमण देखिएको हो । मेचीनगर र बिर्तामोडमा दुई-दुईजना तथा गौरीगञ्ज, भद्रपुर, बुद्धशान्ति र अर्जुनधाराका एक-एकजना संक्रमित भएका हुन् । गत वर्ष झापामा जापानिज इन्सेˆलाइटिसबाट मेचीनगर र दमकमा एक-एक जना गरी दुईजनाको मृत्यु भएको थियो ।

नेपालमा पछिल्लो समय जापानिज इन्सेˆलाइटिसका कारण पाँच जनाको मृत्यु भएको छ । सङ्क्रमित १६ जनामध्ये उनीहरूको मृत्यु भएको हो । जनस्वास्थ्य कार्यालयका अनुसार पछिल्लो पटक

बाँकी ४ पेजमा ▸▸

## महान्यायाधिवक्ता भण्डारीले लिईन शपथ

**दमक/** प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले नवनियुक्त महान्यायाधिवक्ता सविता भण्डारीलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराएका छन् । सर्वोच्च अदालतमा प्रधानन्यायाधीश राउतले नवनियुक्त महान्यायाधिवक्ता भण्डारीलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराए । वरिष्ठ अधिवक्ता भण्डारीलाई आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको कानुनी सल्लाहकार तथा महान्यायाधिवक्तामा नियुक्त गरेका थिए ।

## मृतकहरूको अन्त्येष्टी

काठमाडौं । जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका मृतकहरूलाई मंगलबार पशुपति आर्यघाटमा राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । गृह तथा कानुनमन्त्री ओमप्रकाश अर्याल र ऊर्जामन्त्री कुलमान घिसिङले राष्ट्रिय झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गरेका थिए ।

मृतकका परिवार र आफन्तले शवयात्रा गर्दै आर्यघाट पुर्‍याएका थिए । त्यहाँ सुरक्षा निकायले सलामीसहित सम्मान गरेको थियो । सरकारले उनीहरूलाई शहीद घोषणा गर्दै राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गर्ने र असोज १ गते सार्वजनिक बिदा दिने निर्णय गरिसकेको छ । सोही अनुसार अन्त्येष्टि गरिएको हो ।

## हजार र पाँच सयका नोटमाथि प्रतिबन्ध लगाउन माग

**दमक/** नेपाल महिला उद्यमी महासंघकी अध्यक्ष शोभा ज्ञवालीले भ्रष्टाचार नियन्त्रणका लागि एक हजार र पाँच सयका नोटमाथि प्रतिबन्ध लगाउनुपर्ने सुझाव दिएकी छन् ।

जेन-जी आन्दोलनपछि विभिन्न व्यक्तिहरूको घरमा ठूलो परिमाणको नगद फेला परेको प्रसंग उल्लेख गर्दै उनले यस्तो सुझाव दिएकी हुन् । नोटबन्दीअघि चार महिनासम्मको तयारी समय दिनुपर्ने उनले सुझाव समेत दिएकी छन् । यसबाट केही हदसम्म भ्रष्टाचार रोक्न सहयोग पुग्ने उनको विश्वास छ । साथै अध्यक्ष ज्ञवालीले डिजिटल भुक्तानीतर्फ अग्रसर हुनुपर्ने बताइन् ।

## दमक मेयरको घर पुननिर्माणका लागि समिति गठन

**दमक/** भदौ २४ गतेको जेन जीको आन्दोलनका क्रममा आगजनी तथा लुटपाटबाट पूर्ण रूपमा क्षति पुर्‍याइएको घर पार्टी पंक्तिबाट बन्ने भएको छ । आङको कपडा बाहेक केही जोहो गर्न नपाएको उनीहरू अन्यत्र बस्दै आएका छन् ।

घरविहिन भएका दमकका मेयर थापाको उक्त घर राष्ट्रिय प्रजातन्त्र पार्टीका विभिन्न पदमा रहेका पदाधिकारी, कार्यकर्ता तथा शुभेच्छुकहरूको सहयोगमा पुननिर्माण गरिने भएको छ ।

मंगलबार मेयर थापाको जलेको घरमा राप्रपाका झापा अध्यक्ष केशव ओझा सहितको उपस्थितीमा राम थापाको घर पू:न निर्माण समिती घोषणा गरिएको छ । जसको संयोजकमा दमक नगरपालिका वाडं ७ का वार्ड अध्यक्ष तथा राप्रपा क्षेत्र नं ५ का अध्यक्ष भीम पौडेल रहेका छन् ।

बाँकी ४ पेजमा ▸▸

## कनकाई नगरपालिकाले लुटिएका सामान फिर्ता गर्न आग्रह

**कनकाई/** झापाको कनकाई नगरपालिकाले जेन जी आन्दोलनका क्रममा नगरपालिका र मातहतका वडा कार्यालयबाट लुटिएका सामग्रीहरु तत्काल फिर्ता गर्न अनुरोध गरेको छ ।

नगरपालिकाले बुधबार एक सूचना जारी गरी त्यस्तो आग्रह गरेको हो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण न्यौपानेले कोही कसैले नगरपालिकाको सामान लगेको भए तत्काल फिर्ता गरिदिन आग्रह गरे । उनले सामान फिर्ता गर्नेहरूको नाम गोप्य राखिने पनि बताए । सामान फिर्ता नगरिए प्रत्यक्षदर्शीले खिचेको भिडियो फोटो र नगरवासीले दिएको सूचनाको आधारमा कानुनी कारबाही गरिने जानकारी गराएका छन् ।

## निर्वाचन र पुननिर्माणका लागि स्रोत खोज्न कार्यदल गठन

**काठमाडौं/** अर्थमन्त्री रामेश्वर खनालले टुक्रे आयोजना कटौती तथा आगामी फागुनमा हुने चुनावको लागि स्रोत व्यवस्थापन गर्न ३ सदस्य रहेको कार्यदल बनाएका छन् । मन्त्री खनालले सोमबार पदबहाली गरेसँगै उक्त निर्णय गरेको मन्त्रालयका प्रवक्ता टंक प्रसाद पाण्डेयले बताए ।

बजेट तथा कार्यक्रम महाशाखा प्रमुख सहसचिव सुमन दाहालको नेतृत्वमा कार्यदलमा थप २ सदस्य छन् । फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनको स्रोत व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर कार्यदलले सिफारिस गर्ने बताइएको छ ।

कार्यदलमा राजस्व व्यवस्थापन महाशाखा प्रमुख रहेको सहसचिव उत्तर कुमार खत्री र वैदेशिक सहायता समन्वयन महाशाखा प्रमुख रहेका सहसचिव धनीराम शर्मा छन् ।

खनालले सोमबार सिंहदरबार पुगेर पदभार ग्रहण गरेसँगै टुक्रे आयोजना कार्यान्वयन नगर्ने निर्णय गरेका थिए । मन्त्री खनालले जेनजी आन्दोलनका कारण क्षति पुगेको सरकारी भवन र संरचनाहरू बनाउनुपर्ने र त्यसका लागि ठूलो बजेट खर्चनुपर्ने भएकोले पनि टुक्रे आयोजनाका बजेट कटौती गर्ने निर्णय गरेका हुन् ।


Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्






*बडादशैं तथा शुभदीपावली* **२०८२** *को पावन अवसरमा सम्पूर्ण ग्राहक, शुभचिन्तक एवं नेपाली दाजुभाई-दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको* **हार्दिक मंगलमय शुभकामना** *व्यक्त गर्दछौं।*

**प्रो. सविनराज सापकोटा**
**श्री ड्याडसन युनिफर्म परिवार**
दमक-१, झापा (फोन: ९८४३३८४८४८)

**नोट :** यहाँ बोर्डिङ तथा कलेजका युनिफर्महरु अडर बमोजिम सरल तथा सुपथ मूल्यमा तयार गरिन्छ ।


राष्ट्रियता ! प्रजातन्त्र !! उदारवाद !!!

**राष्ट्रिय प्रजातन्त्र पार्टी**
दमक नगर समिति, झापा

मिति:२०८२।०५।३१

### प्रेश विज्ञप्ति

मिति २०८२ भाद्र २३ र २४ गते Gen Z ले आयोजना गरेको सरकार (कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका) र नेताहरुको चरम भ्रष्टाचार, बेथिती, अन्याय, राष्ट्र, राष्ट्रिय अखण्डता र सार्वभौमिकताको गम्भीर उलंघन भएकोबाट यसका बिरुद्ध स्वतस्फूर्त शान्तिपूर्ण आन्दोलनमा सरकारले वर्वरतापूर्ण कायर तवरले स-सना स्कुल कलेजका कलिला हाम्रा उज्जवल भविष्यहरुलाई गोली हानी हत्या गरेकोमा घोर भर्त्सना गर्दछौं । लोकतन्तत्रमा शान्तिपूर्ण विरोध गर्न पाउने जनताको मौलिक हकलाई कुण्ठित गरी गणतन्त्रका मसिहा ठान्ने गठबन्धन सरकारले आन्दोलनकारी विद्यार्थीहरुको निर्मम हत्या गरी विश्व ईतिहासको जारशाही कुरतालाई पनि लज्जित तुल्याएकोछ । जनताको मौलिक हक प्रतिको यो दमन र बन्देज प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएकोछ । सम्बन्धित नेपाल मानव अधिकार आयोग र अन्तर्राष्ट्रि मानव अधिकारवादी संस्थाहरुलाई यस विषयको न्याय निरुपणका लागि आग्रह पनि गर्दछौं ।

यस घटनाको मूल जड जनजागरणको स्वरुपमा उठेको Gen Z को आन्दोलन भएतापनि मौकाको फाईदा उठाउदै आन्दोलनलाई विशाक्त गर्ने तत्वहरुको घुसपैठका कारण सार्वजनिक एवं व्यक्तिका भौतिक सम्पत्तीहरुमा आगजनी र तोडफोड भएको हाम्रो बुझाइ रहेकोछ ।

यस्तो विषम परिस्थिती र उथलपुथलपूर्ण अवस्थामा पनि राष्ट्रिय प्रजातन्त्र पार्टी दमक नगर समितिले Gen Z आन्दोलनले उठाएका जायज माग र सरोकार प्रति समर्थन र ऐक्यवद्धता प्रकट गर्दछ । साथै अन्तरिम सरकारलाई ती मागहरु अविलम्ब सम्बोधन गर्न आग्रह गर्दछ ।

आन्दोलनमा सहादत प्राप्त गर्नुहुने वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गदछौं । साथै सहिदहरुका घर परिवार, आफन्तजन प्रति हार्दिक समवेदना प्रकट गर्दै यस शोकको घडीमा दुख सहन गर्ने शक्ति र आत्मविश्वास प्राप्त होस भनी आरध्यदेव श्री पशुपतिनाथसंग प्रार्थना गर्दछौं ।

कर्तव्यनिष्ठ, ईमान्दार, राष्ट्रवादी, दमकेली नागरिकका प्रिय नेता जनप्रतिनिधि नगर प्रमुख श्री राम कुमार थापा ज्यूको निजी आवासमा गरिएको खरानी शून्य आगजनीको हामी घोर निन्दा एवं भर्त्सना गर्दछौं । यस किसिमका कार्यहरु लोकतान्त्रिक मूल्य र मर्यादाविपरीत छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीको अगुवाईमा समग्र शुभचिन्तकहरुको मनोभावना र चासोलाई मध्यनजर गरी स्वत स्फूर्त पार्टी कार्यकर्ता, नगरवासी, स्थानिय सामाजिक संघ संस्था, शुभेक्षुकहरुको स्वेक्षिक सहयोगमा नगर प्रमुख श्री राम कुमार थापाज्यूको निजी आवास निर्माण अभियानमा सवै पक्षको सहकार्य र एकता देखाई सहानुभुति मात्र नभै यस विपदमा हातेमालो गर्ने प्रतिबद्धता जनाईदिनु भएकोमा राष्ट्रिय प्रजातन्त्र पार्टी दमक नगर समिति सबै प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यो ऐक्यवद्धताले हाम्रो सामाजिक आपसी अन्तरसम्बन्धलाई अझ वलियो बनाएको महशुस गरेकाछौं ।

अन्त्यमा, हामी सबैलाई संयमित, विवेकशील र लोकतान्त्रिक अभ्यासप्रति प्रतिबद्ध रहनुहुन पनि आग्रह गर्दछौं ।

**राष्ट्रिय प्रजातन्त्र पार्टी**
**दमक नगर समिति, झापा**

# सम्पादकीय

## सरकारको पहिलो कदम

जेन-जी आन्दोलनको बलमा बनेको कार्की नेतृत्वको सरकारमा परेका विशेषज्ञ मन्त्रीहरुको पहिलो निर्णयमै परम्परागत औपचारिकता तोड्दै जनचासो र सुशासनप्रतिको स्पष्ट सन्देश दिएको छ । सामान्यतया नयाँ मन्त्रीहरुले पदभार ग्रहणको दिन प्रशासनिक प्रक्रिया अनुसार 'रूटिन' काम गर्ने चलन थियो । तर यसपटक भने जनतासँग प्रत्यक्ष सरोकार राख्ने मुद्दामा तत्काल कदम चालिएको देखियो । यसअघिका सरकारहरूका मन्त्रीहरूले पदभार ग्रहण गर्दा ठूला ठूला र खर्चिला योजनाहरूलाई प्राथमिकता दिने गरी रूटिङ नै सार्वजनिक गर्ने गरेका थिए त्यो स्थिति अहिले देखिएन ।

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले पदभार ग्रहणलगत्तै टुक्रे योजना र राजनीतिक दबाबमा अघि बढाइएका आयोजना रोक्ने निर्णय गरेको छ । पूर्वअर्थसचिवका रुपमा करछलीविरूद्ध अडान लिँदै पद त्याग गरेका खनालको पदीय स्वच्छताको इतिहासले यसपटकको निर्णयलाई अझ विश्वसनीय बनाएको छ ।

उनको त्यो स्वच्छ छविलाई अझ माथि यस कारणले उठेको छ कि उनले कुनै सरकारी सुविधा नलिने, सचिवालय नराख्ने, गार्ड नचाहिने तर आफुमाथि गाडी चलाउने स्किल भए पनि गाडीमा हिंड्दा पदीय जिम्मेवारीको हिसाबले आएका फोन कलहरू रिसिभ गर्नुपर्ने हुँदा एक जना ड्राइभर मात्र उनले माग्नुलाई मितब्यीताको संकेत दिएको छ । पहिलो त यो विषयम परिस्थिति सबै सरकारी कार्यालयहरू भग्नावेशमा परिणत भएको अवस्थामा गरिएका यस्ता निर्णयलाई जनसरोकार निर्णय भन्दै प्रशंसा बटुलिरहेका छन् ।

त्यस्तै, गृहमन्त्री ओमप्रकाश अर्यालले जेन-जी आन्दोलनका क्रममा भएका हिंसात्मक घटनाको सत्यतथ्य पत्ता लगाउन समिति गठन गर्ने र आन्दोलनमा ज्यान गुमाउनेहरुको सम्मानमा राष्ट्रिय शोक घोषणा गर्ने निर्णय जनचासोलाई प्रत्यक्ष सम्बोधन गर्ने खालको छ। नागरिक अधिकार र संवैधानिक कानुनका क्षेत्रमा लामो समयदेखि सक्रिय अर्यालको प्रारम्भिक निर्णयले न्याय र उत्तरदायित्वलाई सरकारको प्राथमिकतामा ल्याएको छ ।

ऊर्जामन्त्री कुलमान घिसिङले विद्युत् प्राधिकरणको बक्यौता उठाउने घोषणासँगै खादा(माला, अबिरजस्ता औपचारिकता त्याग्ने निर्णय गरेका छन्। प्राधिकरणलाई घाटाबाट नाफामा पुर्याई देशलाई लोडसेडिङमुक्त बनाएको उनको अनुभवले ऊर्जा क्षेत्रमा फेरि सुधार र अनुशासनको अपेक्षा जगाएको छ । उनले पनि कुनै सेवा सुविधा नलिने घोषणा गरिसकेका छन् । कर्मचारीलाई उनले कुनै प्रतिशोधको विषय नरहने र सोही अनुसार डटेर, खटेर यो ६ महिनाको अवधिलाई सफल बनाउन आग्रह पनि गरेका छन् ।

यी तीन मन्त्रीका पहिलो निर्णयहरु एउटै साझा धागोले गाँसिएका छन- जनचासो, पारदर्शिता र सुशासन। मन्त्रालयभित्रको सामान्य अभ्यास र प्रक्रियाभन्दा बाहिर गएर यस्ता निर्णय लिनु विज्ञता, अनुभव र राजनीतिक इच्छाशक्तिको परिणाम हो। यसले सरकारको प्रारम्भिक छविलाई जनमैत्री र जिम्मेवार बनाइदिएको छ ।

तर, पहिलो निर्णय मात्रै पर्याप्त छैन । यी कदमलाई स्थायित्व दिने, परिणामसम्म पुर्याउने र अवरोध पार गर्ने राजनीतिक-प्रशासनिक दबाबलाई ब्यवस्थापन गर्ने चुनौती अझ ठूलो छ । यदि मन्त्रीहरुले आफ्नो अडानमा दृढ रहँदै सुशासन र जवाफदेहिताको बाटो निरन्तरता दिन सके भने यो सरकार जनताका अपेक्षा पुरा गर्ने ऐतिहासिक अवसरमा परिणत हुन सक्छ ।

# राजनीतिमा देखिएको निराशाको परिणाम !



ओमप्रकाश गौतम
omgautam2078@gmail.com

**हिजो नाम चलेका सामाजिक अभियन्ता, युटुबरेहरूले सुन भेटिएका असत्य समाचार भिडियो र कताकता ठूल्ठूला आगलागीका घटनाहरू फलानोले गराएको हुन भन्ने सार्वजनिक गरेका कुरा सत्य हो असत्य हो भन्ने कुरा द्विविधापूर्ण रहे ।**

आराम
लुटखसौट
अदुरदर्शी
चलखेल
सत्ताको होडबाजी
जनतालाई दास
मैमत्ता
बिदेशी चलखेलको एजेण्ट
भ्रष्टाचार
बेथिति
बिकृति
नातावाद
कृपावाद

नेताहरुको पेवा भएको कारणले गर्दा आज देशको अवस्था दयनीय छ । जतातते - जतासुकै ब्रह्मलुट, लुछाचुडी, भागबण्डा मिलिजुली मिलाउने खाने कारणले गर्दा नेपालमा शान्ति खोज्नुपर्ने अवस्था छ । बिगतदेखि बर्तमान अवस्थासम्म जहाँ हेर्यो त्यहीँ लुटखसौट भइरहेको कारणले गर्दा नेपाली राजनीतिमा बितृष्णानै बितृष्णामात्रै छ । कहिँ शान्ति खोजेर पाउनुपर्ने अवस्थै छैन । "शान्ति" कुन चरीको नाम हो ? कहाँ खोज्दा पाइन्छ ? खोज्ने कसरी ? अब खोजौ कहाँ ? चौतर्फी खोजेर खोजि नसक्ने अवस्था बिद्यमान छ । अब बिगतलाई बिर्सौ भन्दापनि बिर्सने अवस्था छैन, धेरै ठूला - ठूला घटनाहरू नेपालमा घटे । यही आँखाले सशस्त्र जनयुद्ध देख्यो, राजा रजौटाहरूको प्रत्यक्ष साशनसत्ता देख्यो । मानौ हाम्रो पुस्ताले नभोगेको र नदेखेको कुनै ठाउँनै छैन । हामीले त देख्यौ, भोग्यौ तर हिजो भर्खरै जन्मिएको शिशुले समेत बर्तमान अवस्थाका तीता घटना र परिघटनाहरू शिशु आँखाले समेत देख्यो । शान्ति चाहने ती मायालु आँखाले हिजोका दृश्यहरू मोबाइलमा हेर्दा कस्तो कारूणिक लाग्दो हो त्यो बालकलाई । हामी आफै नजरअन्दाज सोझै गर्न सकिन्छ कि हामीलाई गाँस, बास र कपासको ब्यबस्थापन गरिदिने ती देख्दै लाजमर्दो अनुहार हाम्रा नेताको हेर्दा आफैलाई हाउगुजी लाग्न थालेको छ । एउटा ब्यक्ति जो बूढो हुन्जेलसम्म पटकपटक मन्त्री र संसद भएर बर्षौसम्म रहिरहँदा र पार्टीको नेतृत्व नि तिनैले ओगटदासम्म अनि उनीहरूलाई नै हामीले पुज्नुपर्दा सबैभन्दा दोषी हामी हौं, हामीले आफ्नो खुट्टामा आफै बञ्चरो हान्दैछौ दिनप्रतिदिन । हामीलाई नीति होइन, भ्रष्ट नेता चाहियो । सबै राजनीति दलहरूका आ-आफ्नै घोषणापत्रहरू छन, दस्तावेजहरू छन, सबैका राम्रै मात्र छन तर त्यसलाई कुल्चिएर देशमा कमाउतन्त्रमा लागेर देश दोहन गर्नेहरूको हुल बढी भयो, हामी माझ । नेता र तिनका असफल नेतृत्वहरूको हावी भयो आज । जे जसरी भएपनि रकम कमाउ, नातावाद, कृपावादलाई शिरोधार्य गरेर अघि बढनुपर्छ भन्ने बाक्लो भीड हामीसामु उभिएको छ । हामीलाई मादरीले बादर नचाएझै नचाइरहेको छ, हामी बुझ्दैनौ । उनीहरूकै पछिपछि दगुर्दैछौ । हो, आज यही बितृष्णा जनजनमा बढेर बिश्वभर "जेन-जी" हरूको बाक्लो उपस्थिति देखियो । हिजोसम्म नेपालको राजनीति यतिसम्म नराम्रो सन्देश दिएर सबैतिर फैलिएको थियो कि अचम्म यो छ कि कसैले जेन-जीको यो आन्दोलनले यस्तो रूप लेला भन्नेकुरा चिताएकै थिएन । भित्रभित्रै उनीहरूको संजालले देशभर संगठन निर्माण गरेको रहेछ भन्ने प्रमाणित गरेर देखाएको छ । आखिर किन जेन-जी जन्मियो ? के कारणले जन्मेको हो त ? जन्मिनै पर्ने कारण के थियो त ? अब के होला ? भोलि के होला ? भन्ने संशय हामी तमाम नेपालीहरूमाझ छ । नेताहरूलाई त पटक्कै पिर छैन यदी छ नै भने बरू भोका, नाङ्गा, गरिब, किसान, मजदुर, अल्पसंख्यकहरूलाई मात्र छ किनकि उनीहरूमात्र सच्चा देशभक्त नागरिक हुन् जो श्रम गरेर खान्छ, अरूको आशामा बाँच्दैन । नेपाली राजनीतिको वर्तमान हिजोको अवस्था हेर्ने हो भने शान्ति भन्ने खोजेर पाउन सकिने अवस्था नभएकै कारणले चौथो पुस्ता भित्रभित्रै उग्र भएर उठेको रहेछ । यो आन्दोलन अकास्मात एक्कासी फैलियो, झाङ्गियो गत भदौ २३ गते सेप्टेम्बर ८ तारीखका दिन नेपालभर जेन-जीको आन्दोलन । उनीहरूको आन्दोलनको औचित्य के थियो भने - "सामाजिक सन्जाल प्रतिबन्ध र भ्रष्टाचार विरूद्धको आन्दोलन रेडिट र डिस्कड मार्फत् आन्दोलन, मुलुकमा जेलिदै गएको अनियमितता, नातावाद, कृपावाद, सत्तामा बस्नेहरूले गरेको अनियमितताको अन्त्यको माग सहित जेन-जीले काठमाडौको संसद भवन अगाडि, माइतीघर मण्डला आसपासका क्षेत्र अनि अन्य गरि पोखरा, हेटौंडा, धरान, चितवन, झापा लगायतका देशभरकै मुख्य सहरहरूमा लगायत सरकारी कार्यलय अघि सबैभन्दा ठूलो क्षति पुग्ने गरिको आन्दोलन गर्यो, यसको प्रत्यक्ष र परोक्ष सूचना प्रवाह नेपालका अनलाइन खबरहरूले बारम्बार गर्दै गए । लाखौं युवाहरू संगठीत भएका तथ्य र तथ्याङ्क बाहिरिरहेका थिए । अब मानौ कि युवाहरूको सफल नेतृत्वले भित्रभित्रै कति युवाहरु संगठित गरेको रहेछ भन्ने प्रतित हुन्छ । तर यसको नेतृत्वकर्ता प्रमुख को हो ? कसले गरिरहेको छ ? र कसरी गरिरहेको होला भन्ने बिषयमा देशभर भएका अपुरणिय क्षति भए जसमा सिंहदरबार, संघीय संसद सचिवालय, मन्त्रालय, सर्वोच्च निकाय, राजनीतिक रूपमा पदीय जिम्मेवारीमा रहेर चर्चा कमाएका व्यक्तिका घर लगायत धेरै सम्पदाहरूको क्षति भयो । यसको जिम्मा कसले लिने ? जेन-जीले लिनेकी घुसपैठ गर्नेहरूले लिने हो ? यतिमात्र होइन जेन-जी समूहका नेतृत्व पंक्ति हामी हौ भनेर सुदन गुरूङ, अभियान क्षेत्री लगायतका अन्य धेरै युवाहरूले अग्र पङतिमा अन्तर्वार्ता त दिए तर को चाहिँ यसको नेतृत्व दिने हो भन्ने कुरा स्पष्ट हामीले ठम्याउन सकेनौ । आज उनीहरूको समूह - समूह बिचको हानाहानका कारण असली कुन समूह हो भन्ने प्रश्न गरिरहँदा हिजो उनीहरूलाई साथ दिएर अघि बढ्ने समूहसमेत अलमलमा परेको देखिन्छ । त्यही समूहभित्र उनै गुरूङको समूह आन्दोलनको सफलतापछि बढी चर्चा आयो र गैरजिम्मेवार ढंगका गतिविधिमा संलग्न पनि सोही पंक्ति देखिएको छ । सुशिला कार्कीको नेतृत्वको सरकार बनेको केही दिनमै त्यो समूहले राजीनामा समेत माग्यो ? यस कारणले पनि त्यो आन्दोलनको सहि नेतृत्व पंक्ति को थियो भन्नेमा अझै आम समुदाय अनभिज्ञ नै देखिएको छ ।

आन्दोलनका दिन भाद्र २३ र २४ गतेका दिन अग्रभागमा आन्दोलित भएका युवाहरु अहिले नामोनिसान भए । हराएका हरायै भए । त्यसम ापनि हाम्रो देशका अल्पज्ञान भएका अलपत्रकार र सिङ्गाने युटुबरे जो भ्यूज कमाउने उद्देश्यले आएकाले त झनै कुन सक्कली, कुन नक्कली छुट्ट्याउन गाह्रो बनाइदियो । अहिले सर्वत्र चिन्ता र सरोकारको बिषय बनेको छ । हिजो आन्दोलन गर्दा भ्रष्टाचार र नातावादको अन्त्य हुनुपर्ने सत्तापक्ष र सत्तामा रहँदा सरकारका प्रतिनिधिहरूद्वारा गरिएका सृङखलाबद्द भ्रष्टाचारको बिरोध र सरकारको नयाँ नियम अन्तर्गत दर्ता हुन आएका फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, ट्विटर, युट्युब सहित २६ प्रमुख सामाजिक संजालहरू माथि निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले प्रतिबन्ध लगाउनु नै अनिष्टको संकेत देखा परेकै हो । ओलीको दम्भ र हठ प्रवृत्तिले गर्दा ७२ जनाभन्दा बढीले ज्यान गुमाइसकेका छन । हजारौं हजार घाइते, अपांग भए, कति घरबारबिहिन हुनुपर्यो । अहिले बिगतको सरकारका मन्त्री र तिनका ठुटे नेताहरु अरू जनतालाई उकास्ने भाषण र भेला गरिरहेका छन भने बर्तमान राष्ट्रपति रामचन्[illegible] पौडेलले अन्तरिम नेपालको प्रधानमन्त्रीको रूपमा पूर्वप्रधान्न्यायाधीश सुशीला कार्कीलाई प्रथम प्रधानमन्त्री बनाइसकेको अवस्था बिद्यमान छ । प्रधानमन्त्री सङसङ्गै अरू थप सम्बन्धित क्षेत्रका विज्ञ मन्त्रीहरू कुलमान घिसिङ्, रामेश्वर खनाल, ओमप्रकाश अर्याललाई आ-आफ्नो मन्त्रालयको जिम्मेवारी समेत बहाल गरेको स्थिति छ । जिम्मेवारी सहित महत्वपूर्ण काम समेत गरिरहेका छन र गर्ने क्रम जारी छ । उनीहरूलाई दिएको जिम्मेवारीलाई बेफ्वाकका कुतर्क हिजोका राजनीतिक झोलेहरूले अहिले पनि सामाजिक संजाल रंग्याइरहेका छन, सङसङ्गै चिन्ता र चासो लिइरहेका छन । चिन्ता नलिउन पनि कसरी ? देशकै सबैभन्दा ठूलो निकायमा आसिन गरेका ब्यक्तिहरूले पिटाइ खाए, अंगभङ्ग हुनेगरि । पिटाइ खाएका दृश्य र परिदृश्य हेर्दा हामीलाई दया जागेर आउँछ कि पिटाइ नखानु पर्थ्यो तर खाए । यतिमात्र होइन आगलागी भएको घरभित्र लुकाएर राखेका बण्डल - बण्डल रकमहरू र सुनचाँदीका गहनाहरू हेर्दा ती कहाँबाट आए र किन राखिए ? त्यो एउटा लज्जाजनकका दृश्यहरू नयाँ र पुराना पिडीँहरूले भिडियोहरू देखे । ती भिडियो अहिलेपनि पटकपटक देखाएर भाइरल बनाइदैछ । अर्को कुरा हिजो नाम चलेका सामाजिक अभियन्ता, युटुबरेहरूले सुन भेटिएका असत्य समाचार भिडियो र कताकता ठूल्ठूला आगलागीका घटनाहरू फलानोले गराएको हुन भन्ने सार्वजनिक गरेका कुरा सत्य हो असत्य हो भन्ने कुरा द्विविधापूर्ण रहे । अहिले नेपालभर क्षती भएका स्थानहरूमा पुनः निर्माण हुनेकाम सामाजिक ब्यक्ति र अभियान्ताहरू अनि युवाहरूको समूहले गरिरहेको छ , यसले पनि के सन्देश दिन्छ भने हिजो जे हुनुथ्यो भै गयो, रोकेर सकिने अवस्था रहेन अब भने हाम्रा नेताहरु सच्चिनुपर्यो, देशको नेतृत्व युवाहरूलाई सुम्पिनुपर्यो । युवा पनि त्यस्ता युवाहरूको बोलावला रहनु पर्यो जुन युवाले पार्टी पंक्तिमा उभिएर देश र जनताका पक्षमा वकालत गरेका छन् । सत्ता र शक्तिका लागि स्वार्थको रोटी सेक्न नेतृत्वको खुट्टा मोल्ने र मोलिरहेका नेताहरू अबका पार्टीको रोजाई बन्नुहुन्न ? तिनीहरू स्वाट्टै हटाएर तेस्रो पुस्ता बढी हावी हुनुपर्दछ । हाम्रो देशमा इन्जिनियर, डाक्टर, कानुन पढेका लाखौलाख युवाहरू बेरोजगार भएर बसेका छन । उनीहरूलाई यही देशमा रोजगार दिलाउन सरकार लाग्नुपर्यो । रहरले बिदेशी ढोका अहिलेका युवाहरूले ढकढक्याएका भने होइनन् । आगामी दिनमा हिंसा, हत्या, आगजनी कसैले पनि गर्नुगरेको देख्न नपरोस् । नेताहरूको दिमागमा कुसाग्रबुद्धि पलाउन सकोस् । बर्तमान प्रधानमन्त्री पूर्वप्रधानन्यायधीश सुशिला कार्कीको नेतृत्वको सरकारले पुनः निर्माणको कामसङ्गै हिजो आन्दोलनमा ज्यान गुमाएका सहिदहरूलाई उचित रूपमा सम्मान गर्दै आज असोज १ गते देशभर शोक दिवस मनाउदै एकदिने शोक बिदा समेत दिने सरकारले घोषणा गरेसङ्गै राहतको ब्यबस्थापन र घाइतेहरूलाई यथाशीघ्र निःशुल्क उपचारको ब्यबस्थापन गरेर अघि बढन सकोस् । प्रधानमन्त्री तथा मन्त्रीहरूले पदीय जिम्मेवारमा बस्दै गरेका निर्णय सुशासनमुखी र जनमुखी देखिएका छन् । त्यसको निरन्रता कायम रहोस् । छिटै शान्ति सुव्यवस्था र अमनचयन कायम गर्न सुरक्षा निकायलाई पुर्नस्थापित गर्ने सन्दर्भमा पहिलो प्राथमिकता दिइयोस् । जताततै शान्ति छाउन सकोस, ज्यान गुमाएका एन - जी समूहबाट देशका सशादत्त प्राप्त युवाहरूप्रति हार्दिक - हार्दिक भावपूर्ण श्रद्धाञ्जली । आउ मिलाउ हाम्रा हातहरू, आउ सुनाउ हाम्रा स्वरहरू ।

## कारागारबाट भागेका सात जना कैदी झापाबाट पक्राउ

दमक । संक्रमणकालीन अवस्थाका फाइदा लिएर विभिन्न कारागारबाट भागेका कैदीहरूलाई पक्राउ गर्ने क्रम जारी रहेको छ । सोही क्रममा भागेका सात जना कैदी झापामा पक्राउ परेका छन् । यही भदौ २४ गते काठमाडौँको केन्द्रीय कारागार सुन्धारा, सुनसरीको झुम्का र कास्की कारागारबाट भागेका पाँच पुरूष र दुई महिला कैदीलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रविण श्रेष्ठले बताए ।

नियन्त्रणमा लिइएकामध्ये सुन्धारा कारागारबाट भागेका गौरादह नगरपालिका( ५ की २८ वर्षीया रूकसार खातुन र वर्ष २८ कै एकसरा खातुन रहेका छन् । सरकारले भागेका कैदीलाई फर्किन सूचना जारी गरेपछि दुवै जना जिल्ला प्रहरी कार्यालयमा आफैँ सम्पर्कमा आएका थिए ।

कास्की कारागारवाट भागेका कर्तव्य ज्यान मुद्दाका कनकाई नगरपालिका-६ का ३३ वर्षीय दिनेश सोरेनलाई घरबाटै पक्राउ गरिएको सूचना अधिकारी श्रेष्ठले जानकारी दिनुभयो । सोरेन घरमा आएर लुकिरहेको सूचना स्थानीयले प्रहरीलाई दिएका थिए ।

नेपालबाट भागेर दक्षिणी सीमा हुँदै भारतको किशनगञ्ज पुगेका २३ वर्षीय नवलकिशोर नाम भएका एक कैदीलाई भारतीय प्रहरीले पक्राउ गरेर केचनास्थित इलाका प्रहरी कार्यालयलाई बुझाइदिएको छ । उनी भारतीय नागरिक भएको बताइएको छ ।

सुनसरीको झुम्का कारागारबाट भागेका जबर्जस्ती करणी मुद्दाका कैदी कनकाई नगरपालिका(४ का ४५ वर्षीय बलबहादुर राईलाई परिवारले नै प्रहरीसमक्ष बुझाइदिएको छ । अरू दुई जना सुन्धारा कारागारबाट भागेका कैदी पक्राउ परेका हुन् ।

## अध्ययनमा विदेशियो १४ अर्ब ३१ करोड

काठमाडौँ । देशभित्रै सुविधा सम्पन्न विश्वविद्यालय, कलेज तथा आवश्यक शैक्षिक संस्था भए पनि अध्ययनका लागि विदेशिनेक्रम घट्नुको साटो बढ्दै गएको छ । एक महिनाको अवधिमा मात्रै अध्ययनका लागि रू १४ अर्ब ३१ करोड बराबरको रकम विदेशिएको छ ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको विवरणअनुसार शिक्षातर्फको व्यय गत वर्षको तुलनामा थोरै कम छ । चालु आवको पहिलो महिनामा अध्यनयका लागि रू १४ अर्ब ३१ करोड व्यय भएकामा गत आवको सोही अवधिमा रू १४ अर्ब ९६ करोड थियो ।

चालु आवको पहिलो महिनामा सेवा खाताअन्तर्गत भ्रमण व्यय दुई दशमलव आठ प्रतिशतले कमी आई रू २१ अर्ब ७० करोड पुगेको छ । यस्तै, अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रू २२ अर्ब ३२ करोड रहेको थियो ।

समीक्षा अवधिमा खुद सेवा आय रू १३ अर्ब ३९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रू १५ अर्ब छ करोडले घाटामा रहेको थियो । सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय १२ दशमलव सात प्रतिशतले वृद्धि भई रू पाँच अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू चार अर्ब ७७ करोड थियो ।

## सात सय पाँच कैदीबन्दी पक्राउ

इनरूवा । सुनसरी रामधुनी नगरपालिका-५ स्थित झुम्का कारागारबाट भागेकामध्ये सोमबार साँझसम्ममा ७०५ जना कैदीबन्दी पक्राउ परेका छन् ।

यही २३ र २४ गते भएको 'जेनजी' प्रदर्शनपछि उत्पन्न परिस्थितिका कारण एक हजार ५७२ जना कैदीबन्दी भागेकामा अहिलेसम्ममा ७०५ जना पक्राउ परेका जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुमनकुमार तिम्सनाले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदर्शनका क्रममा भदौ २४ गते राति १०० बढीको संखयामा आएका प्रदर्शनकारीले झुम्का कारागार प्रवेश गरेर क्षति पुर्याउन थालेपछि कैदीबन्दी भागेका थिए ।

कारागारमा बाहिरबाट युवाको दबाब र भित्रका कैदीबन्दीले आगो लगाउने धम्की दिएपछि करागार प्रशासनले थप क्षति हुन नदिन प्रवेशद्वारमा सुरक्षा व्यवस्था खुकुलो गराइएको प्रहरी उपरीक्षक तिम्सनाले उल्लेख गरे । उनका अनुसार करागारमा रहेका दुई वटा ब्लकमध्ये २२७ बाहेक एकैसाथ एक हजार ५७२ जना कैदीबन्दी भागेका थिए ।

कारागारमा भारतीय तथा विदेशी ६५ जनासहित बाँकी नेपाली कैदी रहेकामा सबै भारतीय कैदीबन्दी भागेका उपरीक्षक तिम्सनाले जानकारी दिए । सोमबार रातिसम्ममा ७०५ जनालाई नियन्त्रणमा लिइएको बताउँदै उनले अन्यको खोजीकार्य जारी रहेको उल्लेख गरे ।

ग्लोरी ब्युटी पार्लर एण्ड एकाडेमी

दमक-६ नयाँ सब्जी बजार
आउँदै गरेको दशैं तथा तिहारको अवसरमा ५० प्रतिशत छुट हुने
♦ यहाँ वैदेशिक रोजगारका लागि स्पेशल कोर्ष तथा ब्युटिसियन तालिमबाट दक्ष बनाइने छ ।
♦ सरकारी मान्यता प्राप्त सर्टिफिकेट पनि दिइन्छ ।
♦ ब्युटिसियन सिकेर स्वरोजगार बन्न चाहनेका लागि सस्तो र गुणस्तरीय सेवाका लागि सम्पर्क गर्नुहोला ।
सम्पर्कका लागि : ९८५२६६५८३१/९८१९०७५८३१

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

A-One इटाको नयाँ उत्पादन बजारमा
अत्याधुनिक प्रविधिबाट उत्पादित सिद्धकाली ब्रिक्स प्रा.लि. कमल-१ सोलमारीमा ठूलो साइजको A–One इटाको बुकिङ खुल्ला गरिएको छ ।
भट्टा सम्पर्क : विष्णु कार्की
९८५२६७०३०५/९८०२६२६५५/९८१६३१३२७१
म्यानेजर ९८०२६२६६४०
दमक सम्पर्क : लुसन कार्की ९८०२६२६६२८/९८५२६२६६२८

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०

# पहिचान गुम्न लागेको भोजपुरे खुकुरीको माग बढ्यो



भोजपुर । परम्परागत खुकुरी बनाउने कालीगढ पेसाप्रति नयाँ पुस्ताको रूचि घट्दै जाँदा जिल्लामा 'भोजपुरे खुकुरी' निर्माणमा संकट देखिएको छ । दक्ष कालीगढको अभावले मागअनुसारको उत्पादन गर्न नसकिएको व्यवसायीहरु बताउँछन् ।

पुस्तान्तरण नहुँदा तथा संरक्षणको अभावले कालीगढ पेसा संकटमा पर्दै गएको हो । भोजपुरे खुकुरीको माग स्थानीय बजार, बाहिरी जिल्लासँगै अन्तरराष्ट्रिय बजारसम्म हुने भए पनि मागअनुसारको खुकुरी उत्पादन हुन नसकेको व्यावसायीहरूको भनाइ छ ।

खुकुरीले ख्याति कमाएको जिल्लामा दक्ष कालीगढ अभावले उत्पादनमा कमी आएको स्थानीय कालीगड हर्कबहादुर विश्वकर्माले बताए । कालीगड पेसामा नयाँ पुस्ताको रूचि हराउँदै गएका कारण खुकुरी उत्पादनमा कमी आउँदा माग धान्न समस्या रहेको उनको भनाइ छ ।

"पछिल्लो समय भोजपुरे खुकुरीको देश(विदेशबाट माग आउने गरेको छ", उनले भने, "गाउँघरमा अहिले दक्ष जनशक्ति नहुँदा उत्पादनमा कमी आएको छ । बजारको मागलाई धान्न मुस्किल छ । यो पेसालाई पुस्तान्तरणको अभाव देखिएको छ ।"

मुख्य गरेर भोजपुरे, सिरूपाते, चित्लाङ्ले कोथीमोडालगायतका खुकुरीको बजारमा बढी माग रहेको उनले बताए । यहाँ उत्पादन भएका खुकुरी आकारअनुसार न्यूनतम रू एक हजारदेखि अधिकतम २० हजारसम्म पर्ने व्यवसायी दिनेश गजमेरले बताए । बाहिरका जिल्लाबाट दुईचार सय खुकुरीको माग आउने भए पनि धेरै माग भएको खण्डमा धान्न समस्या हुने उनको भनाइ छ ।

विगतका वर्षहरूमा धेरै कालीगढ भए पनि पछिल्लो समयमा व्यावसायिक रूपमा यो काम गर्ने मानिसहरूको सत्त्या क्रमशः घट्दै गएको उहाँले जानकारी दिनुभयो । बढी मेहेनत गर्नुपर्ने साथै व्यवसाय गर्नका लागि आवश्यक हुने कच्चा पदार्थ अभावसँगै नयाँ पुस्तामा यसप्रति मोह कम भएकाले यो पेसा स□टमा पर्दै गएको उनले बताए ।

विदेश जाने लहरको कारण गाउँघरमा सञ्चालनमा रहेका खुकुरी बनाउने आरन उद्योग बन्द हुँदा खेतीपातीका लागि आवश्यक पर्ने कृषि औजार उपकरण बनाउने जनशक्तिको पनि अभाव देखिन थालेको छ ।

# दुधमा दिएको अनुदानबाट आठसय बढी किसान लाभान्वित



दमक । किसानले उत्पादन गरेको दूध मात्राका आधारमा अनुदान दिने कार्यक्रम बागलुङमा प्रभावकारी बनेको छ । सहकारीमार्फत दूध संकलन र बजारीकरण गरेका किसानले प्रतिलिटर दूधमा रू पाँच अनुदान पाएका छन् । आर्थिक वर्ष २०८१/८२ मा बागलुङका आठवटा दुग्ध उत्पादनक सहकारीमा आबद्ध किसानले रू ३७ लाख ३२ हजार रकम अनुदान प्राप्त गरेका छन् । अनुदानबाट झण्डै आठ सय किसान लाभान्वित भएका छन् ।

अनुदान पाउनका लागि दूधको खरिद बिक्री गरेको प्रमाण र एक दिनमा न्यूनतम दुई सय लिटर दूधको कारोबार गर्ने सहकारीमार्फत किसानले अनुदान प्राप्त गर्ने गरेको भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाका अनुसार केन्द्रको सफल तथा प्रभावकारी कार्यक्रममध्ये उत्पादनका आधारमा दूध किसानले पाउने प्रोत्साहन रकम रहेको छ । किसानले उत्पादन गरेको दूध सोझै बजारमा बिक्री गर्नेले भने अनुदान नपाउने सापकोटाको भनाइ छ ।

"उत्पादनका आधारमा अनुदान निकै प्रभावकारी अनुदान कार्यक्रम हो, किसानले जति धेरै उत्पादन गर्छन् उति नै बढी अनुदान पाउँछन्, चालु आवमा समेत दूध किसानलाई प्रतिलिटर रू पाँच अनुदान दिन रू ३८ लाख बजेट व्यवस्थापन गरिएको छ", सापकोटाले भन्नुभयो, "दूध उत्पादन भएर एकमुष्ट बजारीकरण गर्न किसानलाई सहकारीमार्फत अनुदान दिएका छौँ, उक्त अनुदान वार्षिक रूपमा बढ्दै आएको छ ।"

आव २०७८/७९ मा चार लाख २० हजार लिटर दूधमा अनुदान वितरण गरेको केन्द्रले गत आवमा सात लाख ४६ हजार ५५४ लिटर दूधमा रू ३७ लाख ३२ हजार ७६८ अनुदान वितरण गरेको थियो । किसानलाई १० लाख लिटर दूधमा अनुदान दिन सक्ने विज्ञ केन्द्रको भनाइ छ । बागलुङ बजारमा जिल्ला सहकारी संघमा १५ उत्पादन सहकारीले दूधको संकलन गरेर पठाउने भए पनि दैनिक दुई सय लिटर दुधको कारोबार गर्ने सहकारी जम्मा ८ मात्रै हरेकाले मापदण्ड अनुसार आठवटा सहकारीमा दूध संकलन गर्ने किसानले मात्रै उत्पादनका आधारमा प्रतिलिटर रू पाँचका दरले अनुदान प्राप्त गरेका हुन् ।

**मनोरञ्जन**

# चलचित्र घर खुले, चार करोडको क्षति



दमक । जेन जीको आन्दोलनका क्रममा विध्वंसकारीको निशानाबाट चलचित्र क्षेत्र पनि अछुतो रहेन । यो क्षेत्रका विभिन्न हलहरूमा क्षति ४ करोड बढी भएको सिनेकर्मीहरूले बताएका छन् । सोही क्रममा नेपाल चलचित्र निर्माता संघले जेन-जी आन्दोलनबाट प्रभावित सिनेमाघर व्यवसायीलाई आवश्यक क्षतिपूर्ति प्रदान गरी पुनर्स्थापित गर्न सरकारसमक्ष माग गरेको छ ।

संघका अध्यक्ष नवल खड्काले फिल्म उद्योगको संरक्षण गर्न र संक्रमणकालीन अवस्थामा फिल्म प्रदर्शकको आत्मबल बलियो बनाएर पुनर्निर्माणमा लाग्न माग गरेका हुन् । उनले एक विज्ञप्ति जारी गर्दै सिनेमाघर मनोरञ्जनको केन्द्र मात्र नभई राष्ट्रिय संस्कृतिको संरक्षण, संवर्धन र फिल्म बजारको विस्तार गर्ने महत्वपूर्ण आधारशीला भएको जनाएका छन् । 'यस्ता सांस्कृतिक संरचनामाथि गरिएको आगजानी र तोडफोड लोकतान्त्रिक मूल्य मान्यताको ठाडो उल्लंघन हो' विज्ञप्तिमा भनिएको छ ।

वितरक र प्रदर्शकको छाता संस्था नेपाल चलचित्र संघले जनाएअनुसार जेनजी आन्दोलनको क्रममा भएको आगजानी र तोडफोडबाट देशभरका ४ हलमा करिब १७ करोड रूपैया" बराबरको क्षति पुगेको थियो ।

विषम परिस्थितका कारण बन्द फिल्म हल भने हिजो सोमबारबाट खुलेका छन्। नेपाल चलचित्र संघको आइतबार सम्पन्न बैठकले सोमबारबाट हल सञ्चालनमा ल्याउने निर्णय गरे अनुरूप हल खुलेका हुन् । संघले दर्शक र हलको सुरक्षामा तन्दुरूस्त गरी हल सञ्चालन गरिने जनाउ"दै तोडफोड र आगजनीबाट ध्वस्त विराटनगरस्थित क्यूएफएक्सबाहेकका अन्य १ सय ६४ हल सञ्चालनमा ल्याइएको हो । संघले स्थानीय सुरक्षा निकायलाई जानकारी गराई हल सञ्चालमा ल्याएका हलहरु राती १० बजेभित्र बन्द हुनेछन् ।

भ्रष्टाचार र बेथितिविरूद्ध जेनजीले गरेको प्रदर्शनका क्रममा विराटनगरस्थित क्यूएफएक्स, बुटवलस्थित क्यूएफएक्स, गोंगबुस्थित आइएनआईको ल्होत्से मल र भक्तपुरको क्यूएफएक्समा क्षति पुगेको छ ।

त्यस्तै जेनजी क्रान्तिका कारण भदौ २७ मा रिलिज रोकिएको फिल्म अभिमन्यु : च्याप्टर - १ ले सोमबार विज्ञप्ति जारी गर्दै दशैंको फूलपाती अर्थात् असोज १३ गते रिलिज गरिने जनाएको छ। नेपाली भाषामा असोज १३ गते र हिन्दी संस्करणमा १६ असोजमा रिलिज हुने जनाइएको छ ।

सुशान्त गौतमले निर्देशन गरेको फिल्मका निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन्।फिल्ममा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरूङ, प्रकाश दाहाल, शिशिर वाङ्देल शीर्ष भूमिकामा छन्। दशैंको फूलपातीमा अन्य फिल्म हरिबहादुरको जुत्ता, बलिदान र माइतीघर पनि प्रदर्शनको तयारीमा छन् ।

## पुस्तक-साभार

# सफल वक्ता कसरी बन्ने

सं. विनिता पौडेल

## भाषणको मुख्य चरण

**गतांकबाट......**यो धर्तीमा जन्मेको हरप्राणी कुनै न कुनै प्रकारले एक अर्कालाई आफ्नो भाव तथा विचारसँग अवगत गराउने कोसिस गर्छ । यी सबमा केवल मानिस नै यस्तो प्राणी हो, जोसँग बोलीको अद्भुत शक्ति छ । ईश्वरको यो अनमोल उपहारको कारण नै हामी आफ्नो विचार बोलेर अरूको अगाडि व्यक्त गर्न सक्छौं । हामी आफ्नो योग्यता आदिको बारेमा पनि यसैको माध्यमले अरूलाई बताउँछौं । केही मानिस कम ज्ञान, डरपोक हुनाको कारण आफ्नो विचार सही ढंगले व्यक्त गर्न सक्दैनन् तर आज केवल त्यही मानिस सफल हुनसक्छ जो बेझिझक आफ्नो विचार अरूको अगाडि ल्याउन सक्छन् । तपाईको विचार चाहे जति नै महान् भए पनि यदि तपाईं त्यसलाई व्यक्त गर्न सक्नु हुन्न भने तपाई बुद्धिमान हुनुको कुनै अर्थ छैन । तपाईं भित्र ज्ञान त्यो गाडिएको धनझैं छ, जसको बारेमा कसैलाई थाहा छैन । त्यसैले तपाईले आफ्नो विचार व्यक्त गर्ने कला सिक्ने प्रयत्न गर्नुपर्छ । सधै कोसिस गर्दै जानुस् कि तपाईं आफ्नो विचार कुनै एक्लो मानिसलाई, जनतालाई या सानो समूहलाई राम्रोसँगले बुझाउन सक्नुहोस् । तपाईं जब आफ्नो विचार राम्रो तरिकाले प्रस्तुत गर्नमा सफल हुनुहुनेछ तब पाउनु हुनेछ छ कि तपाई भित्र एक नयाँ शक्तिको संचार भैरहेको छ । यसबाट तपाईंको व्यक्तित्वमा पनि निखार आउने छ । आफ्नो विचारलाई सफलतापूर्वक एक पत्ताको रूपमा व्यक्त गर्नाले जुन खुशी, जुन उत्साह तपाईले पाउनु हुनेछ, त्यो दुनियाँको कुनै औषधीले दिन सक्दैन ।

**प्रभाव उत्पन्न गर्नुस्**

भाषण दिनुभन्दा पहिला तपाईंले यो कुरामा ध्यान दिनुपर्छ कि श्रोताको लागि जानकारीको साथ साथै भाषणलाई रूचिकर बनाउनु छ । जब सारा तथ्य, सारा जानकारी तपाईसँग एकत्रित हुनेछ तब त्यसलाई सजिलो शब्दको प्रयोग गरेर यसरी क्रमबद्ध गर्नुस् कि भाषण दिदा समय प्रवाह पनि बनिरहोस् तथा श्रोताले पनि त्यसलाई मनपराउन् । मलाई लाग्छ कि भाषण पनि बिक्रीको वस्तु कै हो। जसरी एक बिक्रेताले आफ्नो सामान बेच्नको लागि अनेकौ प्रकारले क्रेतालाई आकर्षित गर्नुपर्छ तथा विज्ञापनद्वारा पनि प्रचार गर्नुपर्छ, ठीक त्यसै प्रकार एक वक्ताले पनि धेरै मेहनत गर्नुपर्छ । सधै याद राख्नुस् कि एक राम्रो भाषण गर्नको लागि तपाईले राम्रो शुरूवात गर्नुपर्ने छ । यो प्रभावशाली शुरूवातसँगै केही रोचक जानकारी श्रोतासँग बाँड्नु छ, ताकि तपाईंको भाषणमा रूचि बनिरहोस् तथा तपाईंको विचारलाई ध्यानपूवर्क सुन्न सकियोस् ।

तपाईंलाई यदि जनताको अगाडि लोक वक्ता कसरी बन्ने भन्ने विषयमा भाषण गर्नको लागि भनियो भने निश्चित रूपमा नै तपाईंले कोसिस गर्नु हुनेछ कि भाषण राम्रो स्तरको होस् । भाषण गर्नुभन्दा पहिला तपाईंले आफैसँग यो प्रश्न सोध्नुपर्छ कि श्रोता मेरो भाषण किन सुन्न चाहन्छन् ? सायद उनीहरु तपाईंको भाषण यसकारणले सुन्न चाहन्छन् कि उनीहरु एक राम्रो वक्ता बन्न चाहन्छन् । तपाईंले आफ्नो भाषणमा सजिलो, प्रभावशाली तथा रोचक भाषाको प्रयोग गर्नुपर्ने छ । कारण धेरै मानिस तपाईंलाई आदर्श मानेर हिड्छन् । त्यसैले तपाईंले भाषण गर्नुभन्दा पहिला राम्रोसँगले अभ्यास गर्नुपर्छ । यस्तो खालको भाषणमा जनताले न गल्तीको आशा गर्छन् न गल्ती सहन गर्न नै सक्छन् । क्रमशः...

# सात सय ३० हेक्टरमा व्यावसायिक केराखेती

दमक । पछिल्लो समय यहाँ व्यावसायिक रूपमा केराखेती गर्ने किसानको संख्या बढ्दै गएको छ । कृषि ज्ञान केन्द्र वाग्लुङका प्रमुख नवराज भण्डारीका अनुसार जिल्लामा आर्थिक वर्ष २०८१/८२ मा सात सय ३० हेक्टर क्षेत्रफलमा व्यावसायिक केराखेती भएको थियो । यसमा नौ हजार ९७३ मेट्रिक टन केरा उत्पादन भएको कृषि ज्ञान केन्द्रको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

अघिल्लो आवमा छ सय ७० हेक्टर क्षेत्रमा केराखेती भएको ज्ञान केन्द्रसँग तथ्यांक छ । गत आवमा एक सय ५० हेक्टर केराखेती हुने क्षेत्रफल वृद्धि भएको हो । जिल्लाको उत्पादनले बजारको करिब ७० प्रतिशत माग धान्ने गरे पनि चाडपर्वका समयमा भने बाहिरी जिल्लाकै भर पर्नुपर्ने अवस्था रहेको केन्द्रका प्रमुख भण्डारी बताउँछन् ।

"जिल्लामा पछिल्लो समय व्यावसायिक केराखेती बढ्दै गएको छ, उत्पादन वृद्धि भएको र आत्मनिर्भर उन्मुखतर्फ अगाडि बढेको छ", प्रमुख भण्डारीले भने । रोपेको सबै बिरूवा उत्पादन दिने नभएकाले अहिलेलाई बाहिरबाट आउने केरामै भर पर्नुपर्ने अवस्था रहेको उनको भनाइ छ ।

जिल्लामा देउखुरीको राप्ती, शान्तिनगर,गढवा गाउँपालिका, घोराही र तुलसीपुर उपमहानगरपालिकाका विभिन्न ठाउँमा व्यावसायिक केराखेती हुने गरेको छ । केराखेतीमा ठूलो लगानी गर्ने किसान तथा व्यवसायी पनि लागेको पाइएको छ ।

प्रमुख भण्डारीका अनुसार जिल्लामा केराखेतीको राम्रो सम्भावना छ, त्यसैले पनि पछिल्लो समयमा केराखेती गर्नेको सत्त्या हरेक वर्ष वृद्धि हुँदै गएको छ । केराको बजारसमेत राम्रो रहेको उहाँ बताउनुहुन्छ । सबैले उपयोग गर्ने भएकाले केरा खपतमा समस्या छैन ।

# उच्च मनोबल राख्न उद्योगीहरूलाई सरकारको आग्रह

दमक । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उद्योगीहरूलाई उच्च मनोबलका साथ अगाडि बढ्न आग्रह गरेको छ । सोमबार मन्त्रालयले निजी क्षेत्रका प्रतिनिधिमुलक संस्थाहरूसँग मन्त्रालयमा छलफल गर्दै मुलुकलाई नयाँ ढंगबाट अगाडि बढाउन निजी क्षेत्रको सहयोग आवश्यक रहेको जनाएको छ ।

मन्त्रालयले आउदो चाड पर्वलाई मध्य नजर गर्दै आवश्यक खाद्यान्न लगायतका सामग्रीहरू पर्याप्त मौज्जाद रहेकाले कुनै अभाव नहुने जानकारी गराउनुभयो । उहाँहरूले माग, आपूर्ती र प्रतिकूल प्रभाव पार्ने गरी वस्तु संचित नगर्न, नगराउन उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, विक्रेता लगायतलाई अनुरोध समेत गरेको छ ।

साथै मन्त्रालयले आपूर्ति व्यवस्थामा ठुलो असर नपर्ने देखिएकोले वस्तुहरू अनावश्यक रूपमा संचित नगर्न सर्वसाधारण समेत आग्रह गरेको छ । परिस्थिति सामान्य वन्दै गएकोले निजी क्षेत्रलाई आफ्ना उद्योग व्यवसाय सूचारु गर्न समेत आह्वान गरेको छ ।

मन्त्रालयले आयात सहज गर्न कोरोल्ला नाका खुल्ला गरिएको तथा सो नाकाबाट ठूलो मात्रामा सामानहरू भित्रिरहेको जानकारी गराउँदै तातोपानी नाका समेत खुलाउन प्रयास भइरहेको जनाएको छ । साथै दक्षिणतर्फका नाकाहरु समेत सूचारु हुँदै गएको पनि जानकारी दिएको छ ।

सो छलफलमा नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले अप्ठ्यारोमा परेको मुलुकको अर्थतन्त्रलाई सबै मिलेर अगाडि बढाउने वातावरण बनाउन आवश्यक रहेको बताउनुभयो । उहाँले उत्पादनमुलक उद्योग, होटेल तथा रिटेल चेन तथा साना व्यवसाय तथा उद्योगी व्यवसायीहरूका निजी आवास तथा भवनमा भएको आगजनी, लुटपाट तथा तोडफोडले निजी क्षेत्रलाई निराश बनाए पनि नयाँ हौसला सहित उठ्ने प्रयास गरिरहेको बताए । सरकारसँग नजिक रहेर काम गर्न निजी क्षेत्र प्रतिबद्ध रहेको बताउँदै उहाँले सरकारले निजी क्षेत्रलाई आत्मविश्वासिलो बनाउनुपर्नेमा जोड दिए ।

# बीमा रकम दुरूपयोग गर्ने तीन कर्मचारी बर्खास्त

विराटनगर । कोशी अस्पतालको औषधि पसल (फार्मेसी)का कार्यरत तीन कर्मचारीलाई सेवाबाट बर्खास्त गरिएको छ । करार सेवाका ती कर्मचारीले स्वास्थ्य बीमा रकम दुरूपयोग गरेको खुलेपछि सेवाबाट बर्खास्त गरिएको हो । बर्खास्त गरिएकामध्ये दुई फार्मेसी सहायक र एक जना कार्यालय सहयोगी छन् । अस्पताल प्रशासनले ती कर्मचारीका बारेमा थप अनुसन्धान गरिरहेको जनाउँदै नाम सार्वजनिक भने गरेको छैन ।

ती कर्मचारीले औषधि कम आपूर्ति गरी बढी रकम कट्टा गर्ने, चिकित्सकले नलेखेका महँगा औषधि देखाएर भुक्तानी गर्ने, बिरामीका नाममा ठूलो मात्रामा औषधि देखाउनेजस्ता अनियमिततामा संलग्न भएको पाइएपछि सेवाबाट बर्खास्त गरिएको जनाइएको छ । मोरङका एक क्यान्सरपीडित बिरामीले उजुरी दिएपछि उपचार रकमको दुरूपयोगको घटना बाहिर आएको हो । अस्पतालको आकस्मिक कक्षमा उपचारका क्रममा चिकित्सकले सात दिनका लागि औषधि लेखिदिंदा पनि ती बिरामीको बीमा खाताबाट एक महिनाको औषधि बराबर रकम कटाइएको थाहा पाएपछि ती बिरामीले अस्पताल प्रशासनमा उजुरी दिएका थिए । लिखित उजुरी प्राप्त भएपछि अस्पतालले छानबिन समिति गठन गरी अनुसन्धान गरेको मेडिकल सुपरिटेन्डेन्ट डा रूणा झाले बताए ।

## दैनिक राशिफल

आज मिति २०८२ साल असोज ०१ गते बुधबार
17 Sept. 2025
तिथि: एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | आफन्तमा विवाद । कार्यमा बाधा । अध्ययन क्षेत्रमा भने सफलता । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | आत्मवल कमजोर । मातापितामा समस्या । |
| मिथुन | का कि कु घ ङ छ के को हा | उत्तम भोजन प्राप्ती । मित्रहरुबाट धोका । भ्रमण योग |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | शिरमा समस्या । खर्च बढ्ने । पारिवारिक भेटघाट । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तमा समस्या । सामान्य लाभ । मन भने प्रशन्न । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | गरेका कार्यमा परिश्रम बढी । मातापितामा केही समस्या । |
| तुला | रा री रु रे रो ता ती तु ते | धर्मप्रति आस्था बढ्ने । आर्थिक पक्ष सवल । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मनमा पीडा । खर्चको मात्रा बढ्ने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | प्रेममा बाधा । ब्यापार व्यवसायबाट लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मावलीतर्फबाट सहयोग । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | मित्रहरु दाहिना होलान् । आफन्तबाट भने धोका । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | पढाईमा बाधा । लेनदेनमा समस्या । |

